माई नगरपालिका

स्थानीय राजपत्र

खण्ड : ६ संख्या २ राजपत्रमा प्रकाशित मिति : २०७९/०३/२४

भाग -१
माई नगरपालिका

माई नगरपालिका
आर्थिक ऐन २०७९

माई नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन २०७९

सभामा प्रस्तुत मिति : २०७९/०३/१०
सभाबाट स्वीकृत मिति: २०७९/०३/१२

प्रस्तावना,
माई नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले
नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम मिति २०७९/३/१० गते बसेको नगर सभाले यो विधयेक बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ (१) यस विधेयकको नाम माई नगरपालिकको आर्थिक विधयेक २०७९ रहेको छ।
२. (२) यो विधयेक २०७९ साल श्रावण १ गतेदेखि माई नगरपालिका क्षेत्रमा लागु हुनेछ।

३. सम्मत्ति कर: नगरपालिका क्षेत्रभित्र अनुसूचि १ बमोजिम सम्पत्तिकर लगाइने र असुल उपर गरिनेछ।

४. मालपोत तथा भूमिकर : नगरपालिका क्षेत्रभित्र अनुसूचि २ बमोजिम भूमिकर तथा मालपोत लगाइने र असुल उपर गरिने।

५. व्यवसाय कर: नगरपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि ३ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. सडक सुधार शुल्क: नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधन तथा तोकिएका सडकहरुमा गुड्ने सवारी साधनहरुलाइ अनुसूचि ४ बमोजिम सडक सुधार शुल्क लगाइने र असुल उपर गरिने छ।

७. विज्ञापन कर: नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि ५ बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिने छ तर प्रदेश कानुन स्वीकृत भइ सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

८. मनोरन्जन कर:नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि ६ बमोजिम मनोरन्जन कर लगाइने र असुल उपर गरिने छ तर प्रदेश कानुन स्वीकृत भइ सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

९. सेवा शुल्क दस्तुर: नगरपालिकाले निर्माण संचालन वा व्यवस्थापन गरेका अनुसूचि ७ मा उल्लेखित पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोहि अनुसूचिमा व्यवस्था भएबमोजिम शुल्क लगाइने र असुल उपर गरिनेछ।

१०. पर्यटन शुल्क: नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूचि ८ मा उल्लेखित दरमा पर्यटन शुल्क लगाइने तथा असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भइ सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

११. प्राकृतिक स्रोत उपयोग कर : नगरपालिकाले आफ्नो क्षेत्रभित्र ढुङ्गा गिटी बालुवा र दहत्तर बहत्तरको शुल्क अनुसूचि ९ बमोजिम लगाइ असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भइ सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

१२. नक्सा पास दस्तुर : नगरपालिकाले आफ्नो क्षेत्रभित्र वनेका घरहरुको अभिलेखिकरण तथा नया बन्ने घर लगायतका संरचनाहरुमा अनुसूचि १० बमोजिमको शुल्क लगाइ असुल उपर गरिनेछ।

१३. निकासा तथा कृषिजन्य उत्पादनको व्यवसायिक कारोवारमा लाग्ने कर: नगरपालिका क्षेत्रबाट अन्यत्र कृषिजन्य सामाग्रिहरु व्यवसायिक कारोवाका रुपमा निकासी हुदाँ अनुसूचि ११ बमोजिमको शुल्क लगाइ असुल उपर गरिनेछ।

१४. हाटबजार कर : नगरपालिका क्षेत्रभित्र रहेका बजारहरुमा अनुसूचि १२ बमोजिमको हाटबजार कर लगाइने तथा असुल उपर गरिनेछ।

१५. बजार सरसफाइ तथा फोहोरमैला व्यवस्थापन शुल्क: नगरपालिकाले तोकेको स्थानहरुमा अनुसूचि १३ मा उल्लेखित दरमा वजार सरसफाइ व्यवस्थापन शुल्क लगाइने छ।

१६. बहाल विटौरी कर: नगरपालिकाले आफ्नो क्षेत्रभित्र ऐलानी जग्गामा अस्थायी वसोबास तथा जग्गाको भोगचलन गरिरहेका व्यक्तिहरुबाट नगरविकासलाइ थप व्यवस्थापन गर्न अनुसूचि १४ मा उल्लेखित दरमा कर असूल उपर गरिने छ।

१७. कर छुट: यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाइ प्रोत्साहित गर्न अनुसूचि १५ बमोजिम विशेष कर छुट सम्बन्धी व्यवस्था मिलाइएको छ।

१८.कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि: यस ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ ।

१९.कर तथा शुल्क संकलन सम्बन्धी विशेष व्यवस्था यस विधेयकमा उल्लेख भएका शिर्षक भन्दा बाहिर कर तथा राजश्व संकलन गर्नुपर्ने भएमा राजश्व परामर्श समितिको सिफारिस बमोजिम कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

अनुसूचीहरु

अनुसूची १

सम्पत्ती कर

क्र. सं.	**विवरण**	**२०७९/८० को लागि प्रस्तावित सम्पत्तिकर**	**कैफीयत**
१	रु. १ लाख देखि ३ लाख सम्म	२५	
२	३ लाख भन्दा माथि५ लाखसम्म	५०	
३	५ लाख भन्दा माथि७ लाखसम्म	१००	
४	७ लाख भन्दा माथि१० लाखसम्म	१५०	
५	१० लाख भन्दा माथि१२ लाख ५० हजार सम्म	२००	
६	१२ लाख ५० हजार भन्दा माथा१५ लाखसम्म	२५०	
७	१५ लाख भन्दा माथि १७ लाख ५० हजार सम्म	३००	
८	१७ लाख ५० हजार भन्दा माथि २० लाखसम्म	३५०	
९	२० लाख भन्दा माथि२२ लाख ५० हजार सम्म	४००	
१०	२२ लाख ५० हजार भन्दा माथि २५ लाख सम्म	४५०	
११	२५ लाख भन्दा माथि२७ लाख ५० हजार सम्म	५००	
१२	२७ लाख ५० हजार भन्दा माथि ३० लाख सम्म	७००	
१३	३० लाख भन्दा माथि३५ लाख सम्म	१०००	
१४	३५ लाख भन्दा माथि ४० लाख सम्म	१२५०	
१५	४० लाख भन्दा माथि४५ लाख सम्म	१५००	
१६	४५ लाख भन्दा माथि५० लाख सम्म	२०००	
१७	५० लाख भन्दा माथि ६० लाख सम्म	२५००	
१८	६० लाख भन्दा माथि ७० लाख सम्म	३०००	
१९	७० लाख भन्दा माथि ८० लाख सम्म	४०००	
२०	८० लाख भन्दा माथि ९० लाख सम्म	५०००	
२१	९० लाख भन्दा माथि १ करोड सम्म	६०००	
२२	१ करोड भन्दा माथि १ करोड २० लाख सम्म	७०००	
२३	१ करोड २० लाख भन्दा माथि १ करोड ५० लाख सम्म	८०००	
२४	१ करोड ५० लाख भन्दा माथि २ करोड सम्म	९०००	

क्र. सं.	विवरण	२०७९/८० को लागि प्रस्तावित सम्पत्तिकर	कैफीयत
२५	२ करोड भन्दा माथि २करोड ५० लाख सम्म	१००००	
२५	२करोड ५० लाख भन्दा माथि ३ करोड सम्म	११०००	
२६	३ करोड भन्दा माथि एकमुष्ठ	१२०००	

❖ **सम्पत्ति कर, भुमि कर तथा मालपोत व्यवस्थापन गर्नका लागि माई नगरपालिका भित्रका जग्गाहरुको मुल्याङ्कन देहाय बमोजिम हुनेछ।**

क्र.सं.	वडानं.	जग्गारहेको स्थान	न्यूनतम मूल्याङ्कन रकम रु. (प्रति रोपनी)	कैफियत
१	१	बह्रधार्ने, माझिटार घण्टे आसपासका क्षेत्रहरु	३५००/२९००(खेत/पाखा)	
२	१	सन्धुवा तथा सन्धुवा खोला आसपास क्षेत्रहरु	३५००/२९०० (खेत/पाखा)	
३	१	सानो हिले खोला आसपास क्षेत्रहरु	३५००/२९०० (खेत/पाखा)	
४	१	धनसारक्षेत्रहरु	३५००/२९०० (खेत/पाखा)	
५	१	तिलटार तथा क्यासकेड क्षेत्र माथि	३२००/२१०० (खेत/पाखा)	
६	१	तिलटार तथा क्यासकेड क्षेत्र मुनि	३५००/२९०० (खेत/पाखा)	
७	१	विरहीगाँउ बस्ती क्षेत्रहरु	३२००/२१०० (खेत/पाखा)	
८	१	आँपटारी बस्ती पुछारकाक्षेत्रहरु	३२००/२१०० (खेत/पाखा)	
९	१	आँपटारी बस्ती सिरानक्षेत्रहरु	२९००/१६५०० (खेत/पाखा)	
१०	१	आँपटारी बस्ती डाँडाकाक्षेत्रहरु	२९००/१६५०० (खेत/पाखा)	
११	१	खमारे/लाभ्रे क्षेत्र खेत तर्फ	३५००/२९०० (खेत/पाखा)	
१२	१	खमारे/लाभ्रे क्षेत्र पाखातर्फ	३२००/२१०० (खेत/पाखा)	
१३	१	बतासे क्षेत्र र सहविरेसबै क्षेत्र खेत तर्फ	३५००/२९०० (खेत/पाखा)	
१४	१	बतासे क्षेत्र र सहविरेसबै क्षेत्र पाखातर्फ	३२००/२१०० (खेत/पाखा)	
१५	१	लिपुङछा-धोद्रे- वागे र धोद्रेपुछार खेत तर्फ	३५००/२९०० (खेत/पाखा)	
१६	१	लिपुङछा-धोद्रे- वागे र धोद्रेपुछार पाखातर्फ	३२००/२१०० (खेत/पाखा)	
१७	१	अन्य जग्गाहरु	२००००।-	
१८	२	शितलीदेखि नगरपालिका भवन आसपास रहेका मुख्य सडकलेछोएका जग्गाहरु	१००००००।-	
१९	२	घनेन्द्रकार्कीको घर देखिन्यूलाई टबोर्डिङ्ग जाने शाखा सडकले छोएका जग्गाहरु	५००००।-	
२०	२	नमस्ते हुँदै चेप्टि जाने बाटो दाँया	५००००।-	
२१	२	सेलिङडाँडा तर्तिरे गोरखे मस्ते आसपास	२००००।-	
२२	२	चेप्टिसिमले बोहोरेचेप्टी खोला	१००००।-	
२३	२	पूर्वे तथा आसपास	९०००।-	

क्र.सं.	वडानं.	जग्गारहेको स्थान	न्यूनतम मूल्याङ्कन रकम रु. (प्रति रोपनी)	कैफियत
२४	२	अन्य जग्गाहरु	१००००।-	
२५	३	गोलटारदेखि मुसेटारहुँदै सेरोसम्म	४१०००।-	
२६	३	हात्तिछिरादेखि बरपानी हुदै बगैचासम्म	४१०००।-	
२७	३	मुसेटारदेखि सानिमा हाईड्रोसम्म	२४०००।-	
२८	३	सानिमा हाईड्रो देखि ताम्लिङ्ग डाँडा सम्म	१६०००।-	
२९	३	राना चौक देखिलालमाटीसम्म	२४०००।-	
३०	३	सारङ्गेखोल्सी देखि टाँढेगाँउ हुँदै तिन घरेसम्म	२४०००।-	
३१	३	सारङ्गे खोल्सी देखि ढाँडेखोला हुँदै धुरा सम्म	२४०००।-	
३२	३	सारङ्गेखोल्सी देखि वेतेनी केरावारीसम्म	२४०००।-	
३३	३	अन्य जग्गाहरु	२००००।-	
३४	४	मुख्य सडकले (लखनचोकदेखिढालापानी पुलको सडक) छोएको	३००००।-	
३५	४	ङ लाईनबाटोले छोएको	२००००।-	
३६	४	ङ लाईनभित्री बस्ती	१५०००/-	
३७	४	शुक्रबारे, डाँडागाँउ, गैरीगाँउ शाखा सडकले छोएको	२५०००/-	
३८	४	शुक्रबारे, डाँडागाँउ, गैरीगाँउभित्री बस्तीहरु	१५०००/-	
३९	४	नगर गौरवको सडकले छोएको जग्गाहरु	२००००/-	
४०	४	सडकले नछोएका गाँउका जग्गाहरु	१५०००/-	
४१	४	खेतियोग्य समतल जग्गाहरु	२००००/-	
४२	४	सुखानी मुख्य सडकले छोएको जग्गाहरु	२५०००/-	
४३	४	सुखानी शाखा सडकले छोएका जग्गाहरु	२००००/-	
४४	४	अन्य पाखा जग्गाहरु	१००००/-	
४५	५	**दाहालटार, आलेटार, टुङ्नेटार, सानो कट्टेलटार र आसपासका क्षेत्रहरु**		
४६	५	मुख्य सडकले छोएको जग्गा	४५०००।-	
४७	५	शाखा सडकले छोएको जग्गा	४००००।-	
४८	५	सडकले नछोएको जग्गा	२५०००।-	
४९	५	**खर्बनी, थाक्ले, सानोबर्दु, कुम्भीटार, समालटार, कालीखोला र आसपासका क्षेत्रहरु**		
५०	५	मुख्य सडकले छोएको जग्गा	४५०००।-	
५१	५	शाखा सडकले छोएको जग्गा	३५०००।-	
५२	५	सडकले नछोएको जग्गा	२५०००।-	

क्र.सं.	वडानं.	जग्गारहेको स्थान	न्यूनतम मूल्याङ्कन रकम रु. (प्रति रोपनी)	कैफियत
५३	५	**झण्डी, रमिते, हाङखिम, बाङ्गेटार, बुच्चेटार, बाहुनीचुली, बगैंचा, ढुङढुङ्गे, मिथुनखर्क, नुनथला आसपासका क्षेत्रहरु**		
५४	५	मुख्य सडकले छोएको जग्गा	४००००।-	
५५	५	शाखा सडकले छोएको जग्गा	३००००।-	
५६	५	सडकले नछोएको जग्गा	२००००।-	
५७	५	**वडाका अन्य क्षेत्रहरु**		
५८	५	मुख्य सडकले छोएको जग्गा	३००००।-	
५९	५	शाखा सडकले छोएको जग्गा	२००००।-	
६०	५	सडकले नछोएको जग्गा	१५०००।-	
६१	६	छिवा खोला देखि आँपटारी खोल्सीसम्म दाँयावाँया जग्गाहरु	१५०००/-	
६२	६	आँपटारी खोल्सीदेखि आपटारी गोतामेटार, दाँयाबाँया जग्गाहरु	२००००/-	
६३	६	विहिवारे, तितिरीचोकमागुनाखोलासम्म ५०० मि. दाँयावाँया जग्गाहरु	३००००/-	
६४	६	मगुना खोला देखिविन्ती विनायक आ.वि किरातचोक आहाले चोकसम्म दाँयावाँया जग्गाहरु	२५०००/-	
६५	६	लाल सिंलिङ्देनको घर देखिसुकौरे, मार्गालीगाँउ, हर्क विर डाँडा खड्का कडेलको घरसम्म दाँयावाँया	१००००/-	
६६	६	किरातचोक देखिसेवारोचोक ढिकिटारकोईले भय्याङ्ग दाँयाबाँया ५०० मि.	१००००/-	
६७	६	तितिरीचोकदेखि डाँडागाँउ भालुगाँउ ढिकीटार बम बहादुर राईको घर दाँयाबाँया ५०० मि.	१००००/-	
६८	६	खड्ग कडेलकोघरदेखिशंखरगाँउहुँदै बम बहादुर राईको घर दाँयाबाँया ५०० मि.	८०००/-	
६९	६	विन्ती विनायक आ.वि देखि समाल डाँडा मन्दिर सेवारोचोक दाँयाबाँया ५०० मि.	८०००/	
७०	६	लाल सिंलिङ्देनको घर देखि रातमाटे भोटेटार श्रीजंग्गा आ.वी भालु गाँउ दाँयाबाँया ५०० मि.	८०००/-	
७१	६	विहिवारे डम्बरकार्कीको घर देखि स्वास्थ्य केन्द्र विर बहादुर शर्माको वरी वाङ्गे, सुसुलिङ्ग सम्म दाँयावाँया	७५००/-	

क्र.सं.	वडानं.	जग्गारहेको स्थान	न्यूनतम मूल्याङ्कन रकम रु. (प्रति रोपनी)	कैफियत
७२	६	भगवती मावि देखि कावेलीटार बाङ्गे रिखुवा खोला पुजारी गाँउदाँयाबाँया ५०० मि	७५००/-	
७३	६	कावेलीटार कृष्ण भट्टराईको घर देखि किरात गाँउ कटहरे भरते भस्मेदाँयाबाँया ५०० मि	७५००/-	
७४	६	सुकराज को घर देखि वाघेटार, वाघेटारदेखि तिल विक्रमको घर हुँदैच्यान डाँडा सम्म दाँयावाँया	७५००/-	
७५	६	वाघेटार देखि हिवा खोला गुमानहाङआङ्देम्वेको घर धाँयाबाँया ५०० मि.	७०००/-	
७६	६	बाँकीरहेका अन्य सडक आसपास ५०० मि. दाँयाबाँया	१२०००/-	
७७	६	अन्य बाँकी सबै	५०००/-	
७८	७	लक्ष्मी चोक आसपास २०० मिटर सम्म	१५,०००/-	
७९	७	कपरसुका चोक आसपास २०० मिटर सम्म	१२,०००/-	
८०	७	ठेवाटार चोक आसपास २०० मिटर सम्म	१२,०००/-	
८१	७	खैरेनी चोक आसपास २०० मिटर सम्म	१२,०००/-	
८२	७	तमाखे चोकआसपास २०० मिटर सम्म	१२,०००/-	
८३	७	पिठौली चोक आसपास २०० मिटर सम्म	१२,०००/-	
८४	७	अन्य जग्गाहरु	१००००।-	
८५	८	फुलबारीटोलसबै क्षेत्र	१५,०००/-	
८६	८	चेपे टोल (लामा रौडि देखी माथीखतिवडाडाँडा) सबै	१५,०००/-	
८७	८	चेपे खोला देखी बाघेचौरी मंगलबारे हुदै पिपलेचोक सम्मको मुख्य सडककोदाया बाया(४०० मिटर)	२०,०००/-	
६४	८	थापा चोक देखी बाघेचौरी जाने बाटो दाया बाया (४०० मिटर)	२०,०००/-	
६५	८	विष्नेटार टोल सबै	२०,०००/-	
६६	८	राते खोला सबै	२०,०००/-	
६७	८	पिपले देखी मंगलबारे चोक हुदैराते खोला ,कोदोबारी,भत्तभतेझोलुङ्गे पुल सम्मको मुख्य सडक दाया बाया (४०० मिटर)	२०,०००/-	
६८	८	पिपले देखी संङ्लो खोला टोल सबै	१५,०००/-	
६९	८	चम्कीडाँडा चिउरीबोटे	१५,०००/-	

क्र.सं.	वडानं.	जग्गारहेको स्थान	न्यूनतम मूल्याङ्कन रकम रु. (प्रति रोपनी)	कैफियत
७०	८	भत्तभते,भर्लेनीटोल	२०,०००/-	
७१	८	लाल खोला पाखाबारी सबै	१५,०००/-	
७२	८	दुङ्दुगे,बेसारबारी चैते	१५,०००/-	
७३	८	लोसे,मैनाचुलीटोल सबै	१५,०००/-	
७४	८	अन्य जग्गाहरु	१२०००।-	
७५	९	मुख्य सडकलेछोएको सोमबारे देखी देउराली भञ्जयाङ्सम्म प्रति रोपनी	२०,०००/-	
७६	९	सोक्तिम,मालबासे,तिल्केभञ्जयाङ्,राँगापानी, गुनमुने,घलेटार,बोरुङ,सोमबारे देखी बेलासे पुल सम्म प्रति रोपनी	१०,०००/-	
७७	९	खेती योग्य समतल जग्गाहरु प्रति रोपनी	१०,०००/-	
७८	९	सडकले नछोएको पाखाबारी तथा अन्य जग्गाहरु प्रति रोपनी	७,०००/-	
७९	१०	बगैँचा,ढोडेनी,सालबोटे,धारापानी,लुम्बाक,सुर्योदय न पा १४ मोटरबाटोले छोएको बसोबास क्षेत्र भिट्टाप्रयोजनको लागी(प्रति आना)	५,०००/-	
८०	१०	बगैँचा,ढोडेनी,सालबोटे धारापानी लुम्बक सु.न. पा १४ सम्म जोडिएका खेतीयोग्य प्रति रोपनी	२५,०००/-	
८१	१०	प्रयोग विहिन घाँसदाउराको लागी प्रति रोपनी	१५,०००/-	
८२	१०	हङरायो,लोसे,तिनघरेमोटर बाटोले छोएको बसोबास क्षेत्र भिट्टा प्रति आना खेती योग्य जमिन प्रति रोपनी घाँसदाउराको प्रयोग,पाखा प्रति रोपनी	४,०००/- २०,०००/- १५,०००/-	
८३	१०	लोसे,बलगाँउढोडेनी,घले,वडा.नं ९ सिमाना लोदिया खोला भिट्टा योग्य प्रति आना खेती योग्य जमिन प्रति रोपनी पाखोजग्गा प्रति रोपनी	४,०००/- २०,०००/- १५,०००/-	
८४	१०	राँगे,भञ्जयाङ्,खाल्टे, करेले,बाहुनीखोप भिट्टा योग्य (प्रति आना)	४,०००/-	
८५	१०	अन्य जग्गाहरु	१२०००।-	

- **जग्गाको मुल्याङ्कनका क्रममा छुट भएका जग्गाहरुको मुल्याङ्कन वडा कार्यालयको सिफारिस तथा राजश्व परामर्श समितिको सिफारिस अनुसार कार्यापालिकाको निर्णय अनुसार हुनेछ ।**

अनुसूची २
मालपोत तथा भूमिकर

क्र स	मालपोत विवरण
१	२० रोपनीसम्म जग्गा भएका जग्गाधनीहरुको हकमाः अब्बल जग्गा बार्षिक प्रतिरोपनी रु २५, दोयम जग्गा बार्षिक प्रति रोपनी रु १५,सीम र चहार जग्गा बार्षिक प्रतिरोपनी रु ५।– का दरले ।

अनुसूचि ३
व्यवसाय कर

सि. नं	शीर्षक	आ.व.०७९/८० को प्रस्तावित	
		नयाँ दर्ता	नविकरण
	व्यवसाय दर्ता तथा नविकरण		
१	किराना पसल, टेलर, साना होटल,चिया/खाजा पसल, माछा मासु पसल		
	१० लाख सम्म पुँजी भएको	१५००।-	१०००।-
	१० देखि माथि सम्म पुँजी भएको डिलरको हकमा प्रति शिर्षक थप रु १०००।	२५००।-	२०००।-
२	हार्डवेयर पसल	५०००।-	३०००।-
३	ज्वेलर्स	५०००।-	३०००।-
४	होटल लज तथा रेष्टुरेन्ट	३०००।-	२०००।-
५	होटल	१०००।-	५००।-
६	कम्प्युटर विधुत सामान , क्यामेरा, टेलिभिजन , रेडियो ,क्यासेट तथा प्लेयर	३०००।-	२०००।-
७	कृषि जन्य वस्तुको थोक तथा खुद्रा व्यपारमा	२०००।-	१५००।-
८	सवारी साधन विक्रेता		
	क. सोरुम	१००००/-	७०००/-
	ख. पार्टपुर्जा विक्रि मात्र	५०००/-	३०००/-
९	विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा		
	क. चिकित्सक	१५००/-	१०००।-
	ख. कविराज	१५००/-	१०००।-
	ग. इन्जिनियर	१५००/-	१०००।-
	घ. कानुन व्यवसायी	१५००/-	१०००।-
	ङ. लेखा परीक्षक	१५००/-	१०००।-

सि. नं	शीर्षक	आ.व.०७९/८० को प्रस्तावित	
		नयाँ दर्ता	नविकरण
	च. दन्तचिकित्सक	१५००/-	१०००।-
	छ. अनुसन्धानकर्ता तथा परामर्शदाता	१५००/-	१०००।-
	ज. कम्प्युटर एनालिस्ट तथा प्रोग्रामर	१५००/-	१०००।-
	झ. विमा अभिकर्ता	१५००/-	१०००।-
	ञ. सर्भेयर	१५००/-	१०००।-
	ट. अनुवादक	१५००/-	१०००।-
	ठ. पशुचिकित्सक	१५००/-	१०००।-
	ड. सेयर दलाल	१५००/-	१०००।-
	ण. नगरपालिका प्रधान कार्यालय भएको निर्माण व्यवसायी घ वर्ग	२५०००/-	१५०००।-
	निर्माण व्यवसायीको नामसारी, ठाँउसरी	१५०००।-	
१०	उत्पादनमुलक उद्योग		
	क. कोरा माल वा अर्धप्रशोधित माल वा खेर गई रहेको मालसामानहरुको	३०००/-	१५००।-
	ख. अन्य माल सामान प्रयोग वा प्रसोधन गरि मालसामान उत्पादन गर्नेउद्योग व्यवसायमा(रिङ, पिलर, गमला)	३०००/-	१५००।-
	ग. ह्युम पाइप, बिजुलि पोल	१००००/-	५०००/-
११	उर्जामुलक उद्योग		
	क. वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल, ग्यास, वायो ग्यास तथाअन्य श्रोतहरुबाट उर्जा पैदा गर्ने उद्योग व्यवसाय	३०००/-	१५००।-
१२	कृषि तथा वनजन्य उद्योग		
	क. वन पैदावरमा आधारित उद्योग व्यवसाय	३०००/-	१५००/-
	ख. कृषि उद्योग	२०००/-	१०००/-
१३	खनिज उद्योग		
	क. खनिज उत्खनन् वा प्रशोधन गर्ने उद्योग व्यवसायमा	२५०००/-	१५०००/-
१४	पर्यटन उद्योग		
	क. पर्यटन, आवास, मोटेल,, रिसोर्ट, ट्राभल एजेन्सी, स्कीईङ, ग्लाइडीङ, वाटर र्याफ्टिङ पानि ट्रेकिङ,पदयात्रा, हट एयर बलुनीङ, प्यारा सेलीङ, गल्फकोर्स, पोला, अश्वरोहण आदि उद्योग व्यवसाय	५०००/-	३०००/-
१५	सेवा उद्योग		
	क. छापाखाना, परामर्श सेवा, जिनीङ तथा बेलीङ व्यवसाय, चलचित्रव्यवसाय, सार्वजानिक परिवहन व्यवसाय,फोटोग्राफी,प्रयोगशाला,हवाई सेवा,शितभण्डार आदि उद्योग व्यवसाय	३०००/-	२०००/-

सि. नं	शीर्षक	आ.व.०७९/८० को प्रस्तावित	
		नयाँ दर्ता	नविकरण
	ख. रियल स्टेट (जग्गा खरिद विक्री केन्द्र)	१००००/-	७०००/-
१६	आरन उद्योग	१०००/-	५००/-
१७	मिल कुटानी पेलानी पिसानी प्रति अश्वशक्ति	५००/-	२५०/-
१८	संचार सेवा		
	क. निजि क्षेत्रका हुलाक सेवा (कुरियर)	१०००/-	५००/-
	ख. निजि क्षेत्रको टेलिफोन, फ्याक्ससेवा, फोटोकपी, मोबाइल फोन, आई.एस.डी., एस.टि.डी., इमेल, इन्टरनेट, रेडियो पेजिंग आदि	२०००/-	१०००/-
१९	वित्तीय सेवा/बैक		
	वर्ग क	३००००/-	३००००/-
	वर्ग ख	२००००/-	२००००/-
	वर्ग ग	१००००/-	१००००/-
	वर्ग घ	५०००/-	५०००/-
	आर्थिक कारोवार गर्ने वित्तीय संस्था	५०००/-	५०००/-
	विमा कम्पनि	५०००/-	५०००/-
२०	सहकारी संस्थाहरु	३०००।-	२०००।-
२१	गै.स.संस्था	१००००/-	७०००/-
२२	मनिट्रान्सफर सेवा	५०००/-	३०००।-
२३	स्वास्थ्य सेवा		
	क. गैर सरकारी अस्पताल	१००००/-	७०००/-
	ख. नरसिंङ होम	५०००/-	३०००/-
	ग. क्लिनिक तथा ल्याब	५०००/-	३०००/-
	घ. फार्मेसी	२०००/-	१५००/-
२४	शिक्षा सेवा		
	क. निजि क्षेत्रका स्कुल,आ वि	५०००/-	३०००/-
	ख. निजि क्षेत्रका स्कुल मा वि	७०००/-	५०००/-
	३. तालिम, कम्प्युटर तथा भाषा प्रशिक्षण संस्था तथा ट्युसन सेन्टर	३०००/-	१५००/-
२५	मर्मत केन्द्र (वर्कसप) मा लगाइने वार्षिक कर		
	क. हेभी इक्वीप्मेंट, बस, ट्रक,	५०००/-	३०००/-
	ख. कार वर्कसप ट्याक्सी, ट्र्याक्टर	३०००/-	२०००/-
	ग. मोटरसाइकल, टेम्पो, अटो वर्कसप	२०००/-	१५००/-
	घ. साइकल मर्मत पसल	५००/-	२५०/-
	ङ घडी, मोबाईल, रेडियो मर्मत		

सि. नं	शीर्षक	आ.व.०७९/८० को प्रस्तावित	
		नयाँ दर्ता	नविकरण
२६	व्युटीपार्लर, केश शृंगार, ड्राइक्लिनर्स, सैलुन,फोटो स्टुडियो , सिलाई, कस्मेटिकआदि	१५००/-	१०००/-
२७	पशु बधशाला	२०००/-	१५००/-
२८	मासु पसल विक्रेता	१०००/-	७००/-
२९	फुल र विरुवा पसल विक्रेता	१०००/	७००/-
३०	दुध डेरी	१०००/	७००/-
३१	सिसा,प्लाईउड विक्रेता	३०००/-	२०००/-
३२	भांडाकुँडा विक्रेता	२०००।-	१५००।-
३४	स्टिल, काठ, फर्निचर विक्रेता		
३५	खेलौना उपहार (गिफ्ट) विक्रेता	१०००/-	७००/-
३६	केबुल नेटवार्किङ/ISP	५०००/-	३०००/-
३७	चिया उधोग	२००००००/-	२००००००/-
३८	हाते चिया उद्योग	५०००/-	३०००/-
३९	कृषि/ पशु फर्म		
	निजी	१०००/-	७००।-
	साझेदारी	५०००/-	३०००।-
४०	कपडा पसल	३०००।-	२०००।-
४१	जुत्ता पसल	३०००।	२०००।-
४२	इलेक्ट्रोनिक पसल	२०००/-	१५००/-
४३	गृल उधोग	१००००/-	७०००/-
४४	पुस्तक/स्टेशनरी	२०००/-	१५००/-
४५	टायल्स तथा मार्वल पसल	५०००/-	३०००/-
४६	पूजा सामाग्रि पसल	५००/-	२५०/-
४७	एग्रोभेट औषधी पसल		
	क मल खाद विउविजन नर्सरि किटनाशक औषधि पसल	२०००/-	१५००/-
	ख भेटेरिनरी क्लिनिक/ औषधि पसल	२०००/-	१५००/-
४८	सहकारी नाम संसोधन		
४९	शैक्षिक सिफारिस शुल्क		
५०	घर बहाल कर मासिक १० प्रतिशत		
५१	एम्बुलेन्स आम्दानी		

अनुसूची ४

सडक सुधार शुल्क,

क) डोजर, लोडर , जे.सी.बी.मा प्रतिदिन प्रति सवारी साधन रु १००।– (उक्त सवारी साधन को यस न.पा. क्षेत्रमा काम गरेबापत कूल आम्दानीको ५ प्रतिशत दस्तुर लिने ।)

ख) बस, ट्रक, ट्र्याक्टर, लरी र हेभीगाडीमा प्रतिदिन प्रति सवारी साधन रु १००।–

ग) भाडाका कार, जीप, ट्र्याक्सी, माइक्रो तथा मिनिबस (स्कूल बस समेत) मा प्रतिदिन प्रति सवारी साधन रु ५०।–

घ) अन्य साना सवारी साधन(टेम्पो, अटो, रिक्सा आदि (मोटरसाइकलबाहेक) रु १०।–

ङ) नदीजन्य सामाग्री ढुवानी गर्ने सवारीलाई सडक सुधार (पूर्वाधार उपयोग) शुल्क: संकलन क्षेत्रबाट नै संकलन हुने

प्रति ट्र्याक्टर रु ५०

प्रति ट्रिपर (सानो) रु १००

प्रति ट्रिपर (ठूलो) रु १५०

सवारी साधन अभिलेखिकरण

१. इन्धनबाट चल्ने सवारी साधन मोटरसाइकल रु ५०।

२. इन्धनबाट चल्ने सवारी साधन अन्य रु १०००। चार पाङ्गे भन्दा माथि १५००।

३. इरिक्सा र ट्याम्पो समेतको दर्ता र नविकरण बार्षिक रु १०००।

४. डोजर लोडर जे सि बी मा अनुमति शुल्क वार्षिक रु ३०००।

५. व्यवसायिक संस्थाका नाममा रहेका चार पाङ्ग्रे सवारी साधनमा वार्षिक रु १५००।

अनुसूची५
विज्ञापन कर

क) सार्वजनिक स्थलमाराखिएकोहोर्डिङ बोर्ड ६/६ फुट सम्मको वार्षिक रु १५००।–

ख) सार्वजनिक स्थलमाराखिएकोहोर्डिङ् बोर्ड ६/६ फुट भन्दा ठूलो साइजको वार्षिक २०००।–

अनुसूची६
मनोरञ्जन कर

क) मेला, महोत्सब , नाटक, सांस्कृतिक कार्यक्रम आदि सञ्चालन गरे बापत संचालनको लागि प्रतिदिन रु २०००।– का दरलेनगरपालिकामा राजस्व बुझाउने ।

अनुसूची ७
नगरपालिकाले लगाउने सेवा शुल्क
नगरपालिकालेलगाउने सेवा शुल्क दस्तुर विवरण

सि. नं.	शीर्षक	आ.व.०७८/७९ को प्रस्तावित	कैफियत
१	नागरिकता सिफारिस		
	क.वंशज	१००/-	
	ख.अंगिकृत	१०००/-	
	ग.वैवाहिक अंगिकृत	३००/-	
	घ.नागरिकता प्रतिलिपि सिफारिस	३००/-	
२	नाम, थर संसोधन	२००/-	

सि. नं.	शीर्षक	आ.व.०७८/७९ को प्रस्तावित	कैफियत
३	नावालक सिफारिस	१००/-	
४	नाता प्रमाणित नेपालीमा	३००/-	
५	नाता प्रमाणित अंग्रेजीमा	५००/-	
६	घर जग्गा नामसारी सिफारिस	२००/-	
७	जग्गा रजिस्ट्रेशन सिफारिस		
	अंशबण्डा	५००/-	
	विक्रि प्रयोजन आवास	२०००/-	
	खेतियोग्य	१०००	
८	पञ्जिकरणप्रमाणित	२००/-	
	पञ्जिकरण दस्तुर (३५ दिन माथि)	२००/-	
	पञ्जिकरण सर्जिमन दस्तुर	५००/-	
	पञ्जिकरण प्रतिलिपि	५००/-	
९	नरबढी तथा छुट जग्गा दर्ता	प्रति रोपनी १०००/-	
१०	चारकिल्ला प्रमाणित/घरबाटो प्रमाणीत समेत		
	क. मोटर बाटोले छुने	५००/-	
	ख . मोटर बाटोले नछुने	३००/-	
११	परिवारकायम सिफारिस	२५०/-	
१२	घरकायम सिफारिस		
	कच्ची	५००/-	
	पक्की(RCC)	१०००/-	
१३	उद्यमव्यवसाय संचालन दर्ता सिफारिस	३००/-	
१४	विधुत / टेलिफोन सिफारिस		
	क.सामान्य	१००/-	
	ख.व्यवसायिक घरेलु	५००/-	
	ग.ठुला उद्योग	१०००/-	
१५	अपुताली सिफारिस ५ रोपनी भन्दा कम भएकम रु २०००।-	५०००/-	
१६	स्वदेशी पेन्सन पट्टाको सिफारिस	५००/-	
१७	विदेशी पेन्सन पट्टाको सिफारिस	७००/-	
१८	मोही लगत कट्टा सिफारिस	प्रति रोपनी ३००/-	
१९	अंग्रेजीमा सिफारिस(विविध)	५००/-	
२०	स्थलगत सर्जमिन	५००/-	
२१	वार्षिक आय सिफारिस		

सि. नं.	शीर्षक	आ.व.०७८/७९ को प्रस्तावित	कैफियत
	क.५ लाख सम्म	३००/-	
	ख. ५ लाख भन्दा माथि	प्रति लाख १००/-	
२२	सम्पति सिफारिस		
	क.५ लाख सम्म	३००/-	
	ख. ५ लाख भन्दा माथि	प्रति लाख १००/-	
२३	अंशियार प्रमाणित	२५०/-	
२४	निजी नम्वरी जग्गाको रुख विक्री सिफारिस दस्तुर	१००/-	
२५	बसाईसरी जाँदा समान लैजाने सिफारिस दस्तुर	२००/-	
२६	व्यवसायबन्दको सिफारिस	२००/-	
२७	हलभाडा दैनिक		
	न.पा. हल नगरपालिका भित्रका संस्थाको हकमा	५०००/-	
	न पा हल नगरपालिका बाहिरका संस्थाको हकमा	१००००।-	
	न पा मिटिङ हल	२०००	
	वडा कार्यालय हलहरु	५००/-	
	प्रोजेक्टर तथा टेलिभिजन	६००/-	
२८	बक्यौता जरिवाना वार्षिक १० प्रतिशतले थप हुने	१०.००%	
२९	उपभोक्ता समिति तथा समुह दर्ता/नविकरण		
	क.दर्ता	५००/-	
	ख.नविकरण	२५०/-	
३०	छात्रावृति सिफारिस	१००	
३१	जातजाती प्रमाणित सिफारिस	१००	
३२	अन्य सिफारिस	२००	
३३	न्यायीक समिति निवेदन दस्तुर	१००/-	
३४	काठकाट्ने हाते मेसिन दर्ता तथा नविकरण दस्तुर(बार्षिक)	२५००/-	१०००/-

अनुसूची ८
पर्यटन शुल्क

क) नेपाली पर्यटनःनिः शुल्क

ख) भारतीय तथा दक्षिण एसियाली मुलुकका पर्यटक प्रतिव्यक्ति रु १५०।–

ग) उपर्युक्त बाहेक अन्य मुलुकका पर्यटक प्रतिव्यक्ति रु २५०।–

घ) पर्यटन प्रवर्दन तथा संरक्षण शुल्क वापत सामुदायिक तथा निजि पर्यटकिय क्षेत्रले कुल आयको ५% मासिक रुपमा नगरपालिकामा अनिवार्य रुपमाबुझाउने।

अनुसूची ९

प्राकृतिक स्रोत उपयोग कर

क) ढुङ्गा, रोडा,गिट्टी, बालुवा आदि उपयोग गरे बापत प्रति ट्र्याक्टर रु २००।– तथा प्रति ट्रक/ट्रिपर रु ५००।– प्रति ट्रिपकादरले

ख) स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार सामुदायिक बन पैदावार बिक्री वितरण गरे बापत कुल सकार अंकको १० प्रतिशत का दरले लिने र आपुर्ती समितिलाई दिइने काठको पनि सोही प्रतिशतले लिने र सामुदायिक बन उपभोक्ता समितिको कुनैपनि बन पैदावार बिक्री वितरण गर्दा नगरपालिकाको सिफारिस अनिवार्य गराउने।

अनुसूची १०

नक्सा पास दस्तुर

क) RCC जग तयार गरी वा नगरी इँटा वा सिमेन्टको ब्लकको गारो लगाई अथवा काठ वा बाँसको कडा प्रयोग गरी टिन वा टालीको छानाबाट निर्मित घर(एक वा जति सुकै तलाको भएपनि) प्रति वर्गफिट रु १।५०।–(अक्षरेपी एक रुपैँया पचास पैसा मात्र) का दरले

ख) RCC पक्की घर (सिमेण्ट, इँटा र छडबाट निर्मित, पक्की छाना भएको) एकतले घरका लागि रु ४।– प्रति वगर्ग फिट, दुइ तले घरका लागि रु ३।– प्रति वर्ग फिट (दोस्रो तला का लागि मात्र) तथा दुइ भन्दा बढी तलाको घरका लागि तेस्रो तथा सो भन्दा माथिका तलामा समेत प्रति वर्ग फिट रु २।– का दरले।

ग)अमिन नापजाँच शुल्क देहाय बमोजिम लाग्नेछ।

अ) १० रोपनी सम्मको : रु २५००।–

आ)११-२० रोपनी सम्मको : रु ३५००।–

इ) २१ रोपनी भन्दा माथिको : रु ५०००।

अनुसूची ११

नगरपालिकाले लगाउने निकासी कर तथा कृषिजन्य उत्पादनको व्यवसायिक कारोबारमा लाग्ने करको विवरण

सि. नं.	शीर्षक	एकाई	आ.व. २०७९/८०कोप्रस्तावित	कैफियत
१	सखुवागोलिया	प्रति क्युफिट	१५	
२	कुकाठगोलिया	प्रति क्युफिट	१०	
३	सखुवादाउरा	प्रति ट्रक	१५००	
४	सखुवादाउरा (फुल डाला)	प्रति ट्रक	२०००	
५	कुकाठदाउरा	प्रति ट्रक	१०००	

सि. नं.	शीर्षक	एकाई	आ.व. २०७९/८०कोप्रस्तावित	कैफियत
६	कुकाठदाउरा (फुल डाला)	प्रति ट्रक	१२००	
७	तयारी काठका सामान ठुलो	प्रति गोटा	५००	
८	तयारी काठका सामानसानो	प्रति गोटा	१००	
९	सखुवा चिरानी काठ	प्रति क्युफिट	२०	
१०	नरम चिरानीकाठ	प्रति क्युफिट	१०	
११	वाकल	प्रति ट्रक	२०००	
१२	वाकल कुकाठ	प्रतिट्रयाक्टर	१०००	
१३	स्टिप	प्रति ट्रक	२०००	
१४	स्टिप कुकाठ	प्रतिट्रयाक्टर	१२००	
१५	पुरानोराम्रो काठ	प्रति ट्रक	२०००	
१६	पुरानो कुकाठ	प्रतिट्रयाक्टर	१५००	
१७	खयर	प्रतिकिलोग्राम	१	
१८	काठको धुलो	प्रति बोरा	१५	
१९	काठको धुलो	प्रतिट्रयाक्टर	५००	
२०	बाँस	प्रति गोटा	२/५०	
२१	खर	प्रति मुठा	०.५	
२२	कुचो	प्रतिकुइन्टल	३०	
२३	अदुवा	प्रति बोरा	२०.	
२४	खसी बोका	प्रति गोटा	१०	
२५	पाठा पाठी	प्रति गोटा	५	
२६	सुँगुर ठुलो	प्रति गोटा	२५	
२७	सुँगुर सानो	प्रति गोटा	१०	
२८	गाई भैँसी	प्रति गोटा	३०	
२९	बाख्राबाख्री , पाडा पाडी	प्रति गोटा	१५	
३०	मास दाल	प्रति बोरा	१५	
३१	तोरी	प्रति बोरा	१०	
३२	धान,मकै	प्रति बोरा	५	
३३	कागती,सुन्तला	प्रतिटोकरी	१०	
३४	घिउ	प्रतिकिलोग्राम	५	
३५	काँचो सुपारी	प्रति बोरा	४०	
३६	सुक्खा सुपारी	प्रतिकिलोग्राम	३/५०	
३७	सुक्खा नरिवल	प्रतिकिलोग्राम	३/५०	
३८	तामा मेसु	प्रतिकिलोग्राम	३	

सि. नं.	शीर्षक	एकाई	आ.व. २०७९/८०कोप्रस्तावित	कैफियत
३९	सनपाट	प्रति मन	५	
४०	कुखुरा ठुलो	प्रति गोटा	२	
४१	कुखुरा सानो	प्रति गोटा	१	
४२	मान्द्रा भकारी	प्रति गोटा	५	
४३	डोको थुन्से	प्रति गोटा	५	
४४	सजीवन तरकारी	प्रतिकिलोग्राम	१	
४५	केरा	प्रति घरि	५	
४६	खुर्सानी	प्रतिकिलोग्राम	३	
४७	बेसार	प्रतिकिलोग्राम	२	
४८	आलु	प्रति बोरा	५	
४९	छुर्पी	प्रतिकिलोग्राम	१०	
५०	अलैंची काँचो	प्रतिकिलोग्राम	३	
५१	अलैंची सुकेको	प्रतिकिलोग्राम	६	
५२	कोइला	प्रति बोरा	१०	
५३	थोत्रा धातु तथा अन्य कवाडी सामान	प्रति बोरा	३०	
५४	हरीयो चिया पत्ती	प्रति केजी	५	
५५	सुकेको चिया पत्ती	प्रति केजी	२०	
५६	विरुवा (वेर्ना)	प्रति गोटा	१.५	
५७	रवरको खोटो	प्रति लिटर	१०	

अनुसूची १२
नगरपालिकाले लगाउने हाटबजार करको दर

सि. नं.	शीर्षक	इकाई	आ.व. ०७८/७९ कोप्रस्तावित	कैफियत
१	रेडिमेड तयारी कपडा पसल	प्रति पसल	४०	
२	थान कपडा पसल	प्रति पसल	४०	
३	होटल चिया पसल	प्रति पसल	४०	
४	कस्मेटिक शृंगार सामग्री पसल	प्रति पसल	४०	
५	सब्जी तथा फलफुल पसल	प्रति पसल	४०	
६	तरकारी, रोटि, थुक्पा , म.म. पसल	प्रति पसल	४०	
७	खसी, कुखुराको मासु तथा माछा पसल	प्रति पसल	४०	

सि. नं.	शीर्षक	इकाई	आ.व. ०७८/७९ कोप्रस्तावित	कैफियत
८	खसी, बोका,	प्रति गोटा	५०	
९	हाँस, कुखुरा, परेवा	प्रति गोटा	२०	
१०	सुंगुरको पाठा पाठी	प्रति गोटा	३०	
११	घडी, रेडियो, मोबाइल पसल	प्रति पसल	४०	
१२	जडिबुटीऔषधि पसल	प्रति पसल	२५	
१३	किराना पसल सानो चटपटे, पानीपुरी	प्रति पसल	२०	
१४	किराना पसल ठुलो	प्रति पसल	४०	
१५	डोको, नाङ्लो, भकारी,घुम पसल	प्रति पसल	२५	
१६	सैलुन, केश विन्यास	प्रति पसल	४०	
१७	सुर्ती , कंकड़ ,चियापत्ती पसल	प्रति पसल	२०	
१८	पान मिठाई पसल	प्रति पसल	२५	
१९	काठको ठेकी पसल	प्रति पसल	३०	
२०	घिउ,मह पसल	प्रति पसल	२०	
२१	धातुका भाँडा वर्तन पसल	प्रति पसल	४०	
२२	माटाका भाँडा पसल	प्रति पसल	२०	
२३	टोपी रुमाल पसल	प्रति पसल	२०	
२४	बरफ पापड पसल	प्रति पसल	२०	
२५	मास दाल पसल	प्रति पसल	२०	
२६	मुरई चिउरा पसल	प्रति पसल	२०	
२७	चिसो पेय पदार्थ पसल	प्रति पसल	४०	
२८	सुन चांदी गहना पसल	प्रति पसल	४०	
२९	जुत्ता चप्पल पसल	प्रति पसल	४०	
३०	हार्डवेयर पसल हाटवजार डुलाइ हिडने	प्रति पसल	६०	
३१	डीष्टिलरी पसल	प्रति पसल	४०	
३२	नाङ्ले सियो धागो पसल	प्रति पसल	२०	
३३	गाडीमा समान बेच्ने पसल	प्रति पसल	४०	
३४	छाता,जुत्ता चप्पल मर्मत पसल	प्रति पसल	२५	
३५	सिद्रा तथा सिल उनेको माछा पसल	प्रति पसल	२५	
३६	टुनामुना जादु देखाउने	प्रति पसल	४०	
३७	मर्चा पसल	प्रति पसल	२०	
३८	कृषि,बिउबिजन,विषादी पसल	प्रति पसल	२५	

सि. नं.	शीर्षक	इकाई	आ.व. ०७८/७९ कोप्रस्तावित	कैफियत
३९	खेलौना पसल	प्रति पसल	२०	
४०	ठुला विधुतीय सामग्री इलेक्ट्रोनिक्स पसल	प्रति पसल	४०	
४१	ग्रह औंठी विक्री	प्रति पसल	३०	
४२	पुजा सामग्रीहरु पसल	प्रति पसल	३०	
४३	पोस्टर तथा पुञ्ज सामग्री पसल	प्रति पसल	२५	
४४	बोकेर खेलौना आदि डुलाई बेच्ने	प्रति व्यक्ति	२५	
४५	बोटबिरुवाका बेर्ना	प्रति पसल	२५	
४६	फूलका बेर्ना तथा पुष्प सामग्री	प्रति पसल	२०	
४७	उपर्युक्त बाहेकका अन्य पसल	प्रति पसल	२५	
४८	राँगाको मासु पसल	प्रति पसल	१५०	
४९	सुँगुरको मासु पसल	प्रतिपसल	१००	
५०	केरा पसल	प्रतिघरी	५	
५१	अदुवा	प्रतिकेजी	१	
५२	व्याग झोला पसल	प्रतिपसल	३०	
53	पुस्तक पसल	प्रतिपसल	३०	
५४	बाख्रा	प्रतिगोटा	३०	
५५	रागा गोरु गाई भैसी		बिक्री मुल्यको ३ प्रतिशत	

अनुसूची १३
सरसफाई तथाफोहोरमैला व्यवस्थापन शुल्क

क.	नगरपालिकाक्षेत्रभित्र कुनै सांस्कृतिक कार्यक्रम, आमसभा आदि गरेबापत प्रतिदिन रु ५००।-का दरले
ख.	नगरपालिकाबजार क्षेत्रका घर तथा हाटबजारमा सञ्चालित पसलहरुबाट प्रतिघर तथा प्रति पसल साप्ताहिक रुपमा प्रतिहप्ता रु १०।- का दरले
	नोटःसाविकमा कर, दस्तुर, शुल्कलगाइएको तर यस आ.ब.मा उल्लेख हुन छुट भएकोमा वा माथि उल्लिखित बाहेक अन्य विषयमा कर लगाउन आवश्यक ठानेमानगरपालिकाको निर्णयअनुसार हुनेछ।

अनुसूचि १४
बहाल विटौरी कर

क्र. सं.	विवरण	२०७९/८० को लागि प्रस्तावित वहाल विटौरी कर	कैफियत

१	पक्की घर	५००/-	
२	कच्ची घर	३००/-	
३	काठले बनाएको टिनको छाना	**प्रति स्क्वायर फुट रु ०.५**	
४	मुख्य सडकले छोएको घडेरी प्रयोजनको जग्गा	**प्रति रोपनी रु १००**	
५	मुख्य सडकले छोएको खेतीयोग्य जग्गा	**प्रति रोपनी रु ५०**	
६	शाखा सडकले छोएको घडेरी प्रयोजनको जग्गा	**प्रति रोपनी रु ५०**	
७	शाखा सडकले छोएको खेतीयोग्य जग्गा	**प्रति रोपनी रु ३०**	
८	सडकले नछोएको खेतीयोग्य जग्गा	**प्रति रोपनी रु २०**	
९	अन्य जग्गाहरु	**प्रतिरोपनी रु १०**	

अनुसूचि १५
कर छूट सम्बन्धी प्रावधान

१. घर बहाल कर, सम्पत्ति कर, मालपोत तथा भूमिकर, व्यवसाय कर पौष मसान्त सम्म एकमुष्ठ बुझाएमा १० प्रतिशत कर छुट व्यवस्था गरेको छु।

२. नगरपालिका लाइ वुझाउनु पर्ने मासिक कोठाभाडा, सटर घरभाडा एकमुष्ठ बुझाएमा ५ प्रतिशत छुटको व्यवस्था गरेको छु।

३. वार्षिक लाग्ने ठेक्का पट्टामा एकमुष्ठ बुझाएमा १० प्रतिशत छुट दिने व्यवस्था गरेको छु।

४. नगर क्षेत्रभित्र घर निर्माण गर्नु पूर्व नक्सापास गरि निर्माण कार्य सुरु गर्ने व्यक्ति तथा संस्थालाइ नक्सापास दस्तुरमा ५ प्रतिशत छुट दिइनेछ र नक्सापास नगरि निर्माण गरेको पाइएमा नक्सापास गर्दा लाग्ने दस्तुरमा सत प्रतिशत थप दस्तुर लाग्ने व्यवस्था मिलाएको छु।

आज्ञाले ,

नाम गणेश अधिकारी

प्रमुख प्रशासकीय अधिकृत